# तिलोत्तमा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल

☎:०७१-५६०२३०

प.सं. ०७५/०७६/प्रशासन

च.नं. 4526

मिति : २०७६/०३/१३

श्री वडा कार्यालय (सवै),
तिलोत्तमा नगरपालिका, रुपन्देही ।

**विषयः वृक्षारोपण अभियन सञ्चालन सम्बन्धमा ।**

प्रस्तुत विषयमा प्रत्येक वर्ष आषाढ १४ लाई फलफूल लगायतका विरुवा रोपण गरी देशव्यापी रुपमा राष्ट्रिय वृक्षारोपण दिवस मनाउने नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६/०३/०८ को निर्णय कार्यान्वयनको लागि वन तथा वातावरण मन्त्रालयलाई प्रेषित मिति २०७६/०३/११ को पत्र यसैसाथ संलग्न छ । पत्रवाट विस्तृत व्यहोरा अवगत गरी तँहा वडा कार्यालयको क्षेत्रभित्र टोलविकास संस्था र स्थानीयवासी परिचालन गरी उक्त दिन वृक्षारोपण गर्ने कार्य सुरुवात गर्नको लागि सघन रुपमा वृक्षारोपण दिवस मनाउने व्यवस्था मिलाउनु हुन अनुरोध छ ।

०७६/३/१३

सागर गौतम
शाखा अधिकृत

बोधार्थ :
श्री नगर प्रमुख/उप प्रमुख सचिवालय ।
श्री सूचना प्रविधि शाखा- वेव पेजमा अद्यावधिक गर्ने ।

पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

EX: पो.ब.नं. :३९८७
सिंहदरबार, काठमाण्डौ

पत्र संख्या:-
चलानी नं.
प्राप्त पत्र संख्या र मिति:-

योजना, अनुगमन तथा समन्वय महाशाखा

मिति २०७६।०३।११

सम्वन्धित सवै निकायहरु।

विषय : <u>निर्णय कार्यान्वयन सम्वन्धमा ।</u>

प्रस्तुत विषयमा मं.प.बै.सं १३/०७६ मिति २०७६।३।०८ को नेपाल सरकार (मन्त्रीपरिषद्) को बैटकबाट देहाय बमोजिमको निर्णय भएको हुँदा सो अनुसार कार्यान्वयन हुन निर्णयानुसार अनुरोध छ।

<u>निर्णयहरु:</u>

१. २०१८ जुन ५ देखि 'एक नागरिक एक फलफुल विरुवा रोपण अभियान' शुभारम्भ भएकोले सो अभियानलाई सफल बनाई मुलुकलाई फलफुलमा आत्मनिर्भर एवं निर्यातयोग्य मुलुक बनाउनका लागि प्रत्येक वर्ष आषाढ १४ गते फलफूल लगायतका विरुवा रोपण गरी देशव्यापी रुपमा राष्ट्रिय वृक्षारोपण दिवस मनाउने।
२. नेपाली सेना, नेपाल प्रहरी, सशत्र प्रहरी बल लगायत सम्पूर्ण नेपाल सरकारका निकाय, प्रदेश तथा स्थानीय तहहरु, समिति, संस्थान, विश्वविद्यालय, विद्यालय, वन उपभोक्ता समूह एवं गैरसरकारी निकायहरु समेतले आ-आफ्ना कार्यालय परिसर लगायत अन्य उपलब्ध ठाउँमा आषाढ १४ गते देखि व्यापक रुपमा विरुवा रोपण गरी वृक्षारोपण वर्षलाई सफल बनाउने।
३. लुम्बिनी क्षेत्र लगायतका पवित्र धार्मिकस्थल, सडक किनारा, नदी उकासका क्षेत्र, हैसियत बिग्रिएका वन क्षेत्रमा समेत फलफुल तथा औषधीजन्य (हर्बल) विरुवा रोपण गर्ने।
४. सबै निकायहरुका प्रत्येक पदाधिकारी तथा कर्मचारीले कम्तीमा एक-एक वटा विरुवा रोप्ने।